

## भारतको सकारात्मक सन्देशलाई अवसरमा बदल्ने बेला

डा. शंकर शर्मा
पूर्वराजदुत

(२)

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com




❑ वर्ष-२१ ❑ अंक - १४९ ❑ २०८३ जेठ २२ गते शुक्रबार ❑ Friday, 05 June, 2026 ❑ मूल्य ७ /-



*कृषिमा प्रविधिः आधुनिक कृषि प्रविधिमा जोडिए पनि अझै गाउँघरमा किसानहरु खेतबारीमा गोरुकै प्रयोग गरेर कृषि उत्पादन गर्ने गरेका छन् । वर्षाको मौका छोपेर खेतमा गोरुकै सहयोगमा हिलो सम्याउँदै एक किसान ।*

### रास्वपा सभापति रवि लामिछाने आज स्वदेश फर्कंदै

# खोलियो नयाँ कूटनीतिक अध्यायको ढोका

खगेन्द्र कार्की

**दमक/** नेपाल-भारत सम्बन्धको इतिहासमा केही भ्रमणहरु यस्ता हुन्छन्, जसले तत्कालीन राजनीतिक घटनाक्रमभन्दा धेरै परसम्म प्रभाव पार्ने सम्भावना बोकेका हुन्छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको हालैको भारत भ्रमणलाई पनि त्यही श्रेणीमा राखेर हेरिन थालिएको छ । पाँच दिने भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, विदेशमन्त्री एस. जयशंकरलगायतका उच्च नेतृत्वसँग भएको भेटवार्ताले नेपाल-भारत सम्बन्ध, नेपालको आन्तरिक राजनीति तथा दक्षिण एशियाली कूटनीतिक सन्तुलनबारे नयाँ बहस जन्माएको छ ।

विगतमा नेपालका प्रमुख राजनीतिक दलका नेताहरूलाई दिइने औपचारिक सम्मानभन्दा फरक शैलीमा गरिएको स्वागत, भारतीय सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) को सक्रियता तथा प्रधानमन्त्री मोदीसँग भएको लामो संवादलाई सामान्य राजनीतिक शिष्टाचारका रूपमा मात्र बुझ्न सकिँदैन । यसले भारतले नेपालको बदलिँदो राजनीतिक यथार्थलाई नजिकबाट नियालिरहेको र नयाँ राजनीतिक शक्तिसँग सम्बन्ध विस्तार गर्न इच्छुक रहेको संकेत गरेको छ ।

यो भ्रमणको महत्व अझ बढ्नुको अर्को कारण नेपालभित्रको समसामयिक राजनीतिक वातावरण पनि हो । प्रधानमन्त्री बालेन शाहले संसदमा सीमा विवाद सम्बन्धी दिएको अभिव्यक्तिपछि नेपाल-भारत सम्बन्ध पुनः बहसको केन्द्रमा पुगेको थियो । लामो समयदेखि रोकिएको सीमा संवाद पुनः सुरु हुनसक्ने संकेत देखिएको अवस्थामा रवि लामिछानेको भारत भ्रमणलाई धेरैले कूटनीतिक 'ब्याक च्यानल' को रूपमा समेत व्याख्या गरिरहेका छन् । एकथरीले यसलाई सीमा विवाद समाधानतर्फको सकारात्मक पहल मानेका छन् भने अर्कोथरीले राष्ट्रिय स्वार्थका विषयमा थप स्पष्टता आवश्यक रहेको तर्क गरिरहेका छन्।

भारतीय पक्षले नेपाललाई आफ्नो 'नेबरहुड फर्स्ट' नीतिको महत्वपूर्ण साझेदारका रूपमा पुनः जोड दिनु पनि उल्लेखनीय पक्ष हो । दक्षिण एशियामा चीनको बढ्दो प्रभाव, क्षेत्रीय आर्थिक प्रतिस्पर्धा तथा रणनीतिक सन्तुलनका बीच भारतले नेपालसँगको सम्बन्धलाई नयाँ उचाइमा पुर्‍याउन खोजेको सन्देश स्पष्ट देखिन्छ । यस्तो अवस्थामा नेपालको नयाँ राजनीतिक नेतृत्वसँग प्रत्यक्ष संवाद बढाउनु भारतको दीर्घकालीन रणनीतिक सोचको हिस्सा हुनसक्छ ।

बाँकी ४ पेजमा ▸▸

## समस्याका सूची तयार गर्न मोदीको आग्रह

**दमक/** भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाल-भारत सम्बन्धमा रहेका समस्या र छलफल गर्नुपर्ने विषयहरूको सूची तयार गरी उपलब्ध गराउन नेपाललाई आग्रह गरेका छन् । बुधबार नेपालको सत्ताधारी दल राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेसँग भएको भेटमा उनले दुई देशबीच सहकार्य विस्तार गर्न भारत तयार रहेको बताएका थिए ।

भेटमा सहभागी एक अधिकारीका अनुसार प्रधानमन्त्री मोदीले जलविद्युत, विमानस्थल, सीमा नाका तथा अन्य द्विपक्षीय विषयहरूमा विस्तृत रूपमा छलफल गर्न इच्छुकता व्यक्त गरेका थिए । उनले कुन-कुन विषयमा प्राथमिकता दिनुपर्ने हो त्यसको सूची समयसीमासहित तयार गरी दिन पनि आग्रह गरेको बताइएको छ । भारतले यसअघि पनि यस्तै प्रस्ताव गरेको थियो। सन् २०१४ मा नेपाल भ्रमणका क्रममा मोदीले नेपाल-भारत सम्बन्धका सबै प्रमुख मुद्दाहरूको सूची तयार पार्न अनुरोध गरेका थिए। तर हालसम्म नेपालले औपचारिक रूपमा त्यसको कुनै सूची उपलब्ध गराएको छैन ।

बाँकी ४ पेजमा ▸▸

## जातीय विभेद अन्त्यका लागि राष्ट्रपतिको आह्वान

**दमक/** राष्ट्रपति रामचन्द्र पौडेलले जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवसका अवसरमा शुभकामना सन्देश जारी गर्दै विभेदरहित, समावेशी र न्यायपूर्ण समाज निर्माणका लागि सबैलाई एकजुट हुन आह्वान गरेका छन्। राष्ट्रपति पौडेलले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि र सामाजिक सद्भावको कामना गर्दै यो दिवसले मानव मर्यादा, समानता र सामाजिक न्यायको संरक्षण तथा प्रवर्द्धनमा थप प्रेरणा दिने बताएका छन्।

विसं २०६३ जेठ २१ गते नेपाललाई 'जातीय छुवाछूत मुक्त राष्ट्र' घोषणा गरिएको स्मरणमा प्रत्येक वर्ष जेठ २१ गते यो दिवस मनाइँदै आएको हो। राष्ट्रपति पौडेलले संविधानले बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विविधतालाई स्वीकार गर्दै समतामूलक समाज निर्माणको लक्ष्य लिएको उल्लेख गरेका छन्।

## परराष्ट्रमन्त्री खनाल भारत भ्रमणमा आज जाँदै

**दमक/** परराष्ट्रमन्त्री शिशिर खनाल आज तीनदिने भारत भ्रमणमा जाने भएका छन् । परराष्ट्र मन्त्रालयले भारतीय विदेशमन्त्री एस जयशंकरको निमन्त्रणमा परराष्ट्रमन्त्री खनाल तीनदिने औपचारिक भारत भ्रमणमा जाने जानकारी दिएको छ ।

मन्त्रालयका अनुसार भारत भ्रमणमा रहँदा मन्त्री खनालले भारतीय समकक्षीसँग द्विपक्षीय वार्ता गर्नेछन् । मन्त्रालयले द्विपक्षी हित, पिपुल टु पिपल सम्बन्ध, सहयोग वृद्धिलगायतका विषयमा छलफल हुने जनाएको छ ।

# झापामा बढ्दो अपराध

**दमक/** पछिल्ला केही महिनायता झापामा हत्या, घरेलु हिंसा, धारिलो हतियार प्रयोग गरी गरिने आक्रमण तथा लागूऔषधसँग सम्बन्धित घटनामा वृद्धि देखिएको छ । जिल्लाका विभिन्न स्थानमा भएका श्रृंखलाबद्ध आपराधिक घटनाले सुरक्षा अवस्थामाथि प्रश्न उठाउन थालेको छ ।

सबैभन्दा चर्चित घटनाका रूपमा दमक नगरपालिका-१० स्थित रतुवा खोलाको पुलमुनि बोराभित्र प्याक गरिएको अवस्थामा फेला परेको रमा तिवारीको शवलाई लिइएको छ। जेठ १३ गतेदेखि सम्पर्कविहीन रहेकी तिवारीको शव जेठ १६ गते फेला परेको थियो। प्रारम्भिक अनुसन्धानले हत्या गरेर शव खोलामा फालिएको हुनसक्ने संकेत गरेको छ ।

यसैबीच कनकाई नगरपालिका-५ मा सूर्यलाल राजवंशीमाथि धारिलो हतियार प्रहार गरी गम्भीर घाइते बनाइएको घटना सार्वजनिक भयो। बिर्तामोड-१ मा घरायसी विवादका क्रममा एक व्यक्तिले आफ्नी श्रीमती र छोरीमाथि खुकुरी प्रहार गरेको आरोप लागेको छ भने घटनापछि उनी फरार रहेका छन्। अर्जुनधारा-८ मा मदिरा सेवनपछि भएको विवादले एक युवतीको ज्यान गएको घटना पनि हालै सार्वजनिक भएको थियो। हल्दीबारीमा श्रीमतीको हत्या भएको अर्को घटनाले घरेलु हिंसा गम्भीर अपराधका रूपमा बढ्दै गएको संकेत गरेको छ ।

लागूऔषध नियन्त्रणका क्षेत्रमा पनि चुनौती उस्तै देखिएको छ। प्रहरीले समय-समयमा लागूऔषध र तस्करीका सामान बरामद गरिरहेको भए पनि मुख्य कारोबारी तथा गिरोहका नाइकेसम्म पुग्न नसकेको आरोप लाग्दै आएको छ। अधिकांश घटनामा भरिया वा साना संलग्न व्यक्ति पक्राउ परे पनि संगठित सञ्जालमाथि प्रभावकारी कारबाही हुन नसकेको स्थानीयको गुनासो छ । पछिल्ला घटनाक्रमले झापामा अपराध नियन्त्रण, अनुसन्धानको प्रभावकारिता र नागरिक सुरक्षाबारे गम्भीर बहस सुरु गराएको छ । हत्या र हिंसात्मक घटनाका दोषीलाई कानुनी दायरामा ल्याउन तथा संगठित अपराध नियन्त्रण गर्न प्रहरी प्रशासनमाथि दबाब बढ्दै गएको छ ।

# टिकटकर अधिकारी पुर्पक्षका लागि थुनामा

**दमक/** ललितपुर जिल्ला अदालतले टिकटकमार्फत चर्चित तुल्सा अधिकारीलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ । बिहीबार न्यायाधीश टेकनाथ गौतमको इजलासले उक्त आदेश दिएको हो ।

अधिकारीविरूद्ध सम्पत्ति शुद्धीकरण, आपराधिक लाभ र ठगीसम्बन्धी मुद्दा दायर गरिएको छ । सरकारी वकिल र प्रतिवादी पक्षका कानुन व्यवसायीबीच बहसपछि अदालतले थुनामा पठाउने निर्णय गरेको हो । उनीलाई इन्टरपोलको सहयोगमा गत जेठ १७ गते थाइल्यान्डबाट पक्राउ गरी नेपाल ल्याइएको थियो। नवलपरासी (बर्दघाट सुस्ता पूर्व) सुनवल नगरपालिका-६ की स्थायी बासिन्दा अधिकारीमाथि ६ करोड ५२ लाख रूपैयाँभन्दा बढी ठगी गरेको आरोप छ। ललितपुरका एक व्यवसायीले उनीविरूद्ध उजुरी दिएका थिए। प्रहरीका अनुसार उनी ठगी, आपराधिक विश्वासघात र सम्पत्ति शुद्धीकरणको अभियोगमा अनुसन्धानमा छन् ।

# फाकफोकथुममा दूध उत्पादनले बदलिँदैछ ग्रामीण अर्थतन्त्र

**इलाम/** जिल्लाको फाकफोकथुम गाउँपालिका-४ फुएतप्पामा दूध उत्पादनले स्थानीय जीवनशैली र अर्थतन्त्रमा उल्लेख्य परिवर्तन ल्याएको छ । बिहान सबेरै उठेर गाईगोठमा व्यस्त हुने किसान शेषकान्त खनाल जस्ता कृषकहरू अहिले व्यावसायिक दुग्ध उत्पादनमा सक्रिय छन् ।

खनालले दैनिक करिब ३५ लिटर दूध दुहेर नजिकैको सङ्कलन केन्द्रमा बिक्री गर्छन्। दुग्ध सहकारीले उचित मूल्य दिने भएकाले गाईपालनमा उत्साह बढेको उनी बताउँछन्। थामडाँडा पशुपालन सहकारी संस्थामा ८४ परिवार आबद्ध छन्, जसमा ४५ परिवार नियमित दूध बिक्रीमा संलग्न छन् ।

सहकारीले दैनिक करिब ९५० लिटर दूध सङ्कलन गर्दै आएको छ । किसानले ल्याक्टो र फ्याटको आधारमा प्रतिलिटर ५५ देखि ७५ रूपैयाँसम्म मूल्य पाउने व्यवस्था छ । यसबाट किसानको आम्दानीमा स्थिरता आएको सहकारीले जनाएको छ ।

सहकारीले दूधसँगै छुर्पी र घिउ उत्पादन गरी मूल्य अभिवृद्धि गर्दै आएको छ। मासिक करिब १२ क्विन्टल छुर्पी र ७ क्विन्टल घिउ उत्पादन हुन्छ, जुन स्वदेशसँगै विदेशमा समेत निर्यात हुन्छ । यसबाट सहकारीको मासिक कारोबार १२ देखि १५ लाख रूपैयाँसम्म पुग्ने गरेको छ ।

बाँकी ४ पेजमा ▸▸

## राप्रपा फुट्ने निश्चित, १८३ को सामूहिक राजीनामा

**दमक/** राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)मा ठूलो विभाजन देखिएको छ। महामन्त्री डा. धवलशमशेर राणा पक्षधर १८३ जना केन्द्रीय पदाधिकारी तथा नेता-कार्यकर्ताले सामूहिक रूपमा पार्टी परित्याग गरेका छन्। उनीहरूले अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्व शैली र पार्टीको दिशाबारे असन्तुष्टि जनाएका छन् । नेताहरूले राप्रपाले आफ्नो मूल नीति र एजेन्डा छोडेको तथा आन्दोलन कमजोर बनाएको आरोप लगाएका छन् । सोही समूहका नेता मुकुन्दश्याम गिरी, दिलनाथ गिरी, केशवराज श्रेष्ठ र नारायणप्रसाद कोइरालासहितले पार्टी छोडेका हुन् ।

बाँकी ४ पेजमा ▸▸

## कांग्रेसमा प्रि-इलेक्शनमार्फत् उम्मेदवार छानिने

**विर्तामोड/** नेपाली कांग्रेसकी सहमहामन्त्री डा. डिला संग्रौलाले आगामी निर्वाचनमा पार्टीभित्र प्रि-इलेक्शन गराएर प्राप्त लोकप्रिय मतका आधारमा उम्मेदवार चयन गरिने बताएकी छन् । नेपाली कांग्रेस झापाले विर्तामोडमा आयोजना गरेको जिल्ला, क्षेत्र, प्रदेशसभा क्षेत्र तथा गाउँ-नगर तहका पदाधिकारीहरूको संयुक्त भेलालाई सम्बोधन गर्दै उनले पार्टीलाई थप लोकतान्त्रिक र जनमतमा आधारित बनाउने उद्देश्यले यस्तो अभ्यास अघि बढाइने बताइन् ।

उनले पार्टीको महाधिवेशन पूर्वनिर्धारित समयमै सम्पन्न गर्न 'जरा अभियान' अन्तर्गत क्रियाशील सदस्यता अध्यावधिक कार्यलाई छिटो सम्पन्न गर्नुपर्ने आवश्यकता औँल्याइन्। जेठ २० गते एकैदिन ६२ हजारभन्दा बढीले क्रियाशील सदस्यता नवीकरण गरेको उल्लेख गर्दै उनले यसले पार्टी नयाँ विश्वासको आधारमा अघि बढिरहेको पुष्टि गरेको बताइन् ।

संग्रौलाले पार्टीका नीति तथा

बाँकी ४ पेजमा ▸▸

**Expression of Interest (EOI)**

***Publishing Data: 4th June 2026***

Caritas Nepal, a non-profit organization dedicated to improving the lives of marginalized communities, invites Expressions of Interest (EOI) from qualified and experienced individuals, consulting firms, or organizations to conduct data analysis and prepare a **Migrant Trend Analysis and Impact Analysis Report** under the project **"Ensuring Safe Migration and Promoting Sustainable Local Reintegration"**, being implemented in Kankai Municipality, Jhapa.

The assignment involves analyzing data collected by Returnee Volunteers (Data Enumerators) through regular home visits and counseling sessions conducted across Wards 1-9 of Kankai Municipality. As part of its mission, Caritas Nepal is committed to supporting communities in enhancing their knowledge and skills for safe, dignified, and regular labour migration, while promoting the sustainable reintegration of returnee migrants and survivors of trafficking into their communities.

Interested individuals, consultants, consulting firms, or organizations are requested to submit their Expression of Interest (EOI) either electronically or in a sealed proposal. The application must reach the Caritas Nepal Provincial Office, Damak, Jhapa, no later than **17 June 2026, 3:00 PM**

Submission Email: **pradip@caritas.org.np**
For detailed information and the Terms of Reference (ToR), interested applicants may visit the Caritas Nepal Provincial Office, Damak, Jhapa, contact us at 9801318332, or request the ToR via email at **himalaya@caritas.org.np.**

**Shankar Kumar Paudyal**
Provincial Manager
Caritas Nepal, Damak

# सम्पादकीय

## सीमामा कडाइ : स्वदेशी अर्थतन्त्र जोगाउने अवसर

नेपाल-भारत खुला सीमाको विशेषताले दुई देशबीचको सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई बलियो बनाएको छ । तर यही खुला सीमाको दुरूपयोग गर्दै वर्षौंदेखि हुने अवैध तस्करी, राजस्व चुहावट र अनौपचारिक व्यापारले नेपालको अर्थतन्त्रलाई ठूलो क्षति पुऱ्याउँदै आएको यथार्थलाई पनि नकार्न सकिँदैन । पछिल्लो समय सरकारले सीमा क्षेत्रमा निगरानी बढाउनु, विराटनगरस्थित १ नम्बर गेट आसपास पर्खालमा काँडे तार जडान गर्नु तथा भन्सारसम्बन्धी नियमलाई व्यवस्थित बनाउनु सकारात्मक कदमका रुपमा लिनुपर्छ ।

विगतमा सीमावर्ती क्षेत्रबाट दैनिक रुपमा सानो-ठूलो परिमाणमा सामान अवैध रुपमा नेपाल भित्रिने क्रम सामान्यजस्तै बनेको थियो। पोका बनाएर सामान ल्याउने, पर्खाल नाघ्ने तथा अनधिकृत बाटो प्रयोग गरेर भन्सार छल्ने गतिविधिले राज्यको राजस्वमा प्रत्यक्ष असर पारिरहेको थियो । साना परिमाणमा हुने यस्ता गतिविधिको समष्टिगत प्रभाव भने निकै ठूलो हुने गरेको छ। यसले स्वदेशी उद्योग, व्यवसाय र वैधानिक व्यापारलाई समेत कमजोर बनाएको थियो ।

सीमावर्ती नेपाली बासिन्दाले भारतीय बजारबाट सस्तो सामान खरिद गरेर दैनिकी चलाउने गरेका थिए । यो उनीहरुको आर्थिक बाध्यता पनि हुन सक्छ । तर दीर्घकालीन रुपमा हेर्दा यसले नेपाली बजार र उद्योगलाई प्रतिस्पर्धाविहीन बनाउने काम गरेको छ । विराटनगरजस्तो व्यापारिक केन्द्रभन्दा सीमापारिको जोगबनी बजारमा नेपाली ग्राहकको भीड लाग्नु नेपालको व्यापारिक संरचनाका लागि सुखद संकेत होइन ।

सरकारले हाल १०० रूपैयाँसम्मको सामानमा रहेको भन्सार छुटको सीमा बढाएर ३०० रूपैयाँ पुऱ्याएको छ । यसले सीमावर्ती नागरिकको दैनिक आवश्यकतालाई पनि केही हदसम्म सम्बोधन गरेको छ । साथै, ठूलो परिमाणको अवैध आयात नियन्त्रण गर्ने आधारसमेत तयार गरेको छ ।

अर्थतन्त्र सुधार, स्वदेशी उत्पादनको संरक्षण, राजस्व वृद्धि र वैधानिक व्यापार प्रवर्द्धनका लागि सीमामा कडाइ आवश्यक छ । तर यससँगै सीमा क्षेत्रमा बसोबास गर्ने नागरिकको वास्तविक आवश्यकता, सहज आवागमन र जीविकोपार्जनका पक्षलाई पनि ध्यान दिनुपर्छ । कडाइ र सहजीकरणबीच सन्तुलन कायम गर्न सके मात्र सीमामा देखिएका विकृति नियन्त्रण हुनुका साथै राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउने लक्ष्य सफल हुनेछ । अहिले सुरू भएको प्रयासलाई राजनीतिक दबाब वा स्थानीय असन्तुष्टिको डरले कमजोर पार्नु हुँदैन । बरू प्रविधि, प्रभावकारी निगरानी र जनचेतनासँग जोडेर यसलाई दीर्घकालीन अभियानका रुपमा अगाडि बढाउनुपर्छ ।

# भारतको सकारात्मक सन्देशलाई अवसरमा बदल्ने बेला



डा. शंकर शर्मा

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको हालैको भारत भ्रमणले नेपाल-भारत सम्बन्धको सन्दर्भमा नयाँ बहस र अपेक्षा जन्माएको छ। भारतीय जनता पार्टीको निमन्त्रणामा भएको यो भ्रमणलाई सामान्य राजनीतिक शिष्टाचारको कार्यक्रमका रूपमा मात्र हेर्न मिल्दैन। विशेषगरी भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग भएको भेटवार्ता, भारतीय जनता पार्टीका शीर्ष नेताहरूसँगको संवाद तथा भ्रमणका क्रममा देखिएको सम्मानले नेपालप्रति भारतको दृष्टिकोण र वर्तमान राजनीतिक परिवेशबारे महत्वपूर्ण सन्देश दिएको छ।

नेपाल र भारतबीचको सम्बन्ध केवल दुई सार्वभौम राष्ट्रबीचको कूटनीतिक सम्बन्ध मात्र होइन। खुला सीमा, सांस्कृतिक निकटता, आर्थिक अन्तरनिर्भरता, धार्मिक सम्बन्ध र ऐतिहासिक पृष्ठभूमिले यी दुई देशलाई विशेष सम्बन्धमा बाँधेको छ। यद्यपि पछिल्ला वर्षहरूमा सीमा विवाद, राजनीतिक अविश्वास तथा विभिन्न कूटनीतिक उतारचढावका कारण सम्बन्धमा केही असहजता देखिएको थियो। यस्ता बेला भारतले नेपालको नयाँ राजनीतिक नेतृत्वप्रति देखाएको सकारात्मक व्यवहारलाई अवसरका रूपमा लिनुपर्छ।

रवि लामिछानेको भ्रमण पार्टीगत प्रकृतिको थियो। उनी नेपाल सरकारका प्रतिनिधि नभई एउटा राजनीतिक दलका सभापतिका रूपमा भारत पुगेका थिए। त्यसैले भ्रमणका क्रममा सीमा विवादजस्ता संवेदनशील र औपचारिक सरकारी एजेन्डाका विषयमा विस्तृत छलफल नहुनु स्वाभाविक हो। कतिपयले कालापानी, लिपुलेक वा लिम्पियाधुराको विषय किन उठाइएन भनेर प्रश्न गरेका छन्। तर यस्ता विषय राजनीतिक सद्भावना भ्रमणमा भन्दा औपचारिक सरकारी वार्ताका माध्यमबाट उठाइनु उपयुक्त हुन्छ। त्यस्ता विषयमा प्राविधिक टोली, कूटनीतिज्ञ, नक्सा तथा ऐतिहासिक दस्तावेजको तयारी आवश्यक पर्छ।

महत्वपूर्ण कुरा के हो भने भारतले नेपालसँग सहकार्य गर्न चाहेको स्पष्ट संकेत दिएको छ। प्रधानमन्त्री नरेन्द्र मोदीले सार्वजनिक रूपमा नेपाललाई भारतको 'नेबरहुड फर्स्ट' नीतिअन्तर्गतको प्राथमिक साझेदार मुलुकका रूपमा पुनः उल्लेख गरेका छन् । यो सामान्य कूटनीतिक भाष्य मात्र होइन। यसले भारत नेपालको राजनीतिक स्थायित्व, आर्थिक विकास र क्षेत्रीय सहकार्यलाई महत्व दिन इच्छुक रहेको देखाउँछ। यस्तो अवस्थामा नेपालले पनि आफ्नो राष्ट्रिय हितलाई केन्द्रमा राखेर सक्रिय कूटनीतिक पहल गर्नुपर्छ।

अहिले नेपालमा नयाँ राजनीतिक परिस्थिति निर्माण भएको छ। नयाँ सरकार गठन भएको छ र जनतामा विकास तथा सुशासनप्रति अपेक्षा बढेको छ। यस्तो अवस्थामा छिमेकी मुलुक भारतसँगको सम्बन्धलाई परिणाममुखी बनाउनु आवश्यक छ। विगतमा अधुरा रहेका पूर्वाधार आयोजना, ऊर्जा व्यापार, रेल तथा सडक सञ्जाल विस्तार, हवाई कनेक्टिभिटी, व्यापार सहजीकरण र लगानीका विषयमा अब ठोस प्रगति गर्न सकिने वातावरण बनेको देखिन्छ ।

रवि लामिछानेको भ्रमणको अर्को महत्वपूर्ण पक्ष भनेको भारतले नेपालको वर्तमान राजनीतिक नेतृत्वप्रति देखाएको सम्मान हो । कुनै पनि देशले अर्को देशका राजनीतिक नेताप्रति देखाउने व्यवहारले त्यहाँको राजनीतिक मूल्यांकनलाई पनि प्रतिबिम्बित गर्छ । भारतीय प्रधानमन्त्री, गृहमन्त्री तथा विदेशमन्त्रीजस्ता उच्च तहका नेताहरूसँगको भेटले भारत नेपालसँग दीर्घकालीन सहकार्य गर्न इच्छुक रहेको सन्देश दिएको छ । यसलाई व्यक्तिविशेषको सम्मानभन्दा पनि नेपालप्रति गरिएको सकारात्मक व्यवहारका रूपमा बुझ्नुपर्छ ।

केही वृत्तमा यो भ्रमणले प्रधानमन्त्री बालेन्द्र शाहको सम्भावित भारत भ्रमणलाई प्रभाव पार्न सक्छ भन्ने चर्चा पनि सुनिएको छ। तर त्यसमा सत्यता देखिँदैन । बरू यो भ्रमणले आगामी उच्चस्तरीय सरकारी भ्रमणका लागि वातावरण निर्माण गरेको छ । राजनीतिक तहमा विश्वासको वातावरण निर्माण भएपछि सरकारी तहका वार्ताहरू अझ सहज र परिणाममुखी हुन सक्छन् । त्यसैले यसलाई प्रतिस्पर्धाको रूपमा होइन, अवसरको रूपमा हेर्न आवश्यक छ ।

अब मुख्य जिम्मेवारी नेपाल सरकारको हो। भारतले सकारात्मक संकेत दिएको अवस्थामा नेपालले आ  नो तयारीलाई सुदृढ बनाउनुपर्छ। विशेषगरी सीमा विवादका विषयमा स्पष्ट राष्ट्रिय धारणा, तथ्य र प्रमाणसहितको रणनीति आवश्यक छ । भावनात्मक नाराभन्दा पनि कूटनीतिक दक्षता र व्यवहारिक दृष्टिकोणले मात्र यस्ता विषय समाधान गर्न सकिन्छ । विश्वका धेरै सीमा विवादहरु संवाद र वार्तामार्फत समाधान भएका छन् । नेपाल र भारतबीचका विषय पनि त्यसैगरी समाधान हुन सक्छन् ।

नेपालले भारतसँग सम्बन्ध विस्तार गर्दा राष्ट्रिय स्वाभिमान र राष्ट्रिय हितलाई केन्द्रमा राख्नुपर्छ। तर राष्ट्रिय हितको संरक्षण भनेको संवादबाट टाढा बस्नु होइन । बरू संवादमार्फत आ  ना चासो र सरोकारलाई प्रभावकारी रूपमा प्रस्तुत गर्नु हो । अहिले भारतले संवादका लागि अनुकूल वातावरण दिएको देखिन्छ। यस्तो अवसरलाई उपयोग गर्न नसक्नु नेपालको कमजोरी हुनेछ ।

दुई देशबीच ऊर्जा व्यापारको ठूलो सम्भावना छ । नेपालले उत्पादन गर्ने विद्युत् भारतको विशाल बजारमा निर्यात गर्न सक्छ। त्यसैगरी पर्यटन, कृषि, सूचना प्रविधि र शिक्षा क्षेत्रमा पनि सहकार्य विस्तार गर्न सकिन्छ । सीमावर्ती क्षेत्रका पूर्वाधार, व्यापारिक नाका र यातायात सञ्जाललाई थप व्यवस्थित बनाउन सके दुवै देशले लाभ लिन सक्छन् ।

कूटनीतिमा अवसर सधैँ एउटै रूपमा दोहोरिँदैनन् । अहिले देखिएको सकारात्मक वातावरणलाई नेपालले दीर्घकालीन राष्ट्रिय हितसँग जोड्न सक्नुपर्छ । भारतले देखाएको सद्भावलाई शंका र आशंकाभन्दा माथि उठेर व्यवहारिक ढंगले उपयोग गर्न आवश्यक छ । यसको अर्थ राष्ट्रिय मुद्दामा सम्झौता गर्नु होइन, बरू आ  ना मुद्दालाई अझ प्रभावकारी रूपमा प्रस्तुत गर्ने वातावरण सिर्जना गर्नु हो । समग्रमा हेर्दा रवि लामिछानेको भारत भ्रमणले एउटा सकारात्मक सन्देश दिएको छ। भारतले नेपालसँग सम्बन्धलाई नयाँ उचाइमा लैजान इच्छुक रहेको संकेत गरेको छ। अब नेपालले पनि परिपक्व कूटनीति, स्पष्ट रणनीति र राष्ट्रिय सहमतिका आधारमा अगाडि बढ्नुपर्छ। यदि त्यसो गर्न सकियो भने अहिलेको अनुकूल वातावरणले नेपाल-भारत सम्बन्धमा मात्र होइन, नेपालको आर्थिक समृद्धि र विकास यात्रामा समेत नयाँ अध्याय सुरू गर्न सक्छ ।

*(पूर्वराजदुत डा. शंकर शर्मासँग खबरहबले गरेको कुराकानीमा आधारित)*

## पर्यटक गाइड शेर्पा बिमारी अवस्थामा फेला

**दमक/** सगरमाथा आधार शिविर क्षेत्रमा एक सातादेखि हराइरहेका पर्यटक गाइड दावा शेर्पा गम्भीर बिरामी अवस्थामा भेटिएका छन्। बिहीबार बिहान सगरमाथा प्रदूषण नियन्त्रण समितिका कामदाले उनलाई सगरमाथा आइसफल क्षेत्रबाट आधार शिविरतर्फ घस्रिदै आइरहेको अवस्थामा फेला पारेका हुन्।

पर्यटन बोर्डका पूर्व सदस्य ङावाङिमा शेर्पाले दिएको जानकारी अनुसार आरोही पर्यटकहरूको सहयोगीका रूपमा गएका उनी गएको ६ दिनदेखि बेपत्ता थिए । ओखलढुंगा खिजिदेम्बा गाउँपालिका निवासी शेर्पा आधार शिविर फर्किने क्रममा एकाएक हराएका थिए। उनको खोजीका लागि सगरमाथाको तेस्रो शिविर आसपास क्षेत्रमा हेलिकोप्टरसमेत परिचालन गरिएको थियो। तर उनी फेला परेका थिएनन्। उनलाई खुम्बु आइसफल क्रयाम्पन पोइन्ट छेउबाट आधार शिविरतर्फ घस्रिदै आएको अवस्थामा बिहीबार बिहान फेला पारेर उद्धार गरिएको हो।

उनको खुट्टा र हात हिउँले खाएको छ। प्रारम्भिक उपचारपछि उनलाई हेलिकोप्टरबाट काठमाडौं ल्याउने तयारी भइरहेको शेर्पाले बताए। उनलाई अल्टिच्युड एयरको हेलिकोप्टरबाट उपचारका लागि काठमाडौं ल्याउने तयारी भइरहेको छ। पर्वतरोहण क्षेत्रका व्यक्तिहरूले बेपत्ता भएको एकसातापछि उनी जीवितै भेटिएको घटनालाई चमत्कार भनेका छन्।

### जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस

# दलितमाथिको विभेद कायमै



ईश्वरचन्द्र झा

नेपाललाई जातीय छुवाछूतमुक्त राष्ट्र घोषणा भएको दुई दशक पूरा भए पनि व्यवहारमा दलितमाथिको भेदभाव पूर्ण रूपमा अन्त्य हुन सकेको छैन। २०६३ जेठ २१ गते पुनर्स्थापित प्रतिनिधि सभाले जरूरी सार्वजनिक महत्वको प्रस्ताव पारित गर्दै नेपाललाई जातीय छुवाछूतमुक्त राष्ट्र घोषणा गरेको दिनलाई प्रत्येक वर्ष 'जातीय भेदभाव तथा छुवाछूत उन्मूलन राष्ट्रिय दिवस' का रूपमा मनाइन्छ। तर समय बित्दै जाँदा पनि सामाजिक व्यवहारमा परिवर्तन नआएको तथ्य विभिन्न उजुरी र घटनाले देखाउँछ।

राष्ट्रिय दलित आयोगमा चालु आर्थिक वर्षमै ६४ वटा उजुरी दर्ता भएका छन्, जुन पछिल्ला पाँच वर्षकै उच्च हो, अघिल्लो वर्ष ५८ उजुरी परेको थियो। यसले कानुन भए पनि कार्यान्वयन कमजोर रहेको संकेत गर्छ। नेपालको संविधान २०७२ को धारा २४ ले छुवाछूत तथा भेदभावविरूद्धको हक सुनिश्चित गर्दै कुनै पनि व्यक्ति जात, उत्पत्ति, पेसा वा अवस्थाका आधारमा विभेद गर्न नपाइने व्यवस्था गरेको छ। त्यस्तै जातीय तथा अन्य छुवाछूत र भेदभाव ( कसुर र सजाय) ऐन २०६८ ले यस्तो कार्यलाई दण्डनीय बनाउँदै दुई महिनादेखि तीन वर्षसम्म कैद र २० हजारदेखि एक लाख रूपैयाँसम्म जरिवानाको व्यवस्था गरेको छ। तर कानुन कार्यान्वयन प्रभावकारी नहुँदा समस्या यथावत् छ। प्रतिनिधित्वका हिसाबले पनि दलित समुदायभित्रै असमानता देखिन्छ।

समानुपातिक समावेशी व्यवस्थाका बाबजुद प्रतिनिधि सभा निर्वाचनमा निर्वाचित १७ दलित सांसदमध्ये अधिकांश विश्वकर्मा समुदायका छन् भने तराई-मधेशका दलितको प्रतिनिधित्व शून्य छ। दलितको जनसंख्या १३ प्रतिशतभन्दा बढी भए पनि नीति र अवसरमा समान पहुँच नपाएको गुनासो छ। संविधानको धारा ४० ले दलितको शिक्षा, स्वास्थ्य, रोजगारी, भूमि र सामाजिक सुरक्षामा विशेष अधिकार सुनिश्चित गरे पनि आवश्यक कानुन र कार्यान्वयन कमजोर छ। विज्ञहरु दलितको वास्तविक तथ्यांक संकलन, सशक्तीकरणका प्रभावकारी मोडेल कार्यान्वयन र मौलिक पेसाको आधुनिकीकरण आवश्यक ठान्छन्।

सरकारका प्रतिबद्धता र केही सार्वजनिक माफीको घोषणासमेत भए पनि बजेट र नीति कार्यक्रममा प्राथमिकता नपाएको आलोचना छ। दलित अधिकार कार्यान्वयनका लागि बनेका आयोग र संरचनाले अपेक्षित प्रभाव दिन नसकेको सरोकारवालाहरूको भनाइ छ। कानुनको प्रभावकारी अनुगमन, दण्ड कार्यान्वयन र सामाजिक चेतना अभिवृद्धि बिना छुवाछूत अन्त्य सम्भव नहुने उनीहरूको निष्कर्ष छ। स्थानीय तहदेखि संघीय सरकारसम्म दलितमैत्री नीति कार्यान्वयन र समावेशी विकासलाई प्राथमिकतामा राख्नुपर्ने माग निरन्तर उठ्दै आएको छ। समाजमा परम्परागत सोच, आर्थिक असमानता र राजनीतिक इच्छाशक्तिको अभावले पनि विभेद निरन्तर रहेको विश्लेषण गरिन्छ ।

यसै सन्दर्भमा जातीय छुवाछूतमुक्त राष्ट्र घोषणाको औपचारिकता मात्र होइन, व्यवहारिक परिवर्तनका लागि शिक्षा, रोजगार र राजनीतिक प्रतिनिधित्वमा समान अवसर सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याइएको छ। दलित आन्दोलनका अगुवाहरूले राज्यले विगतका प्रतिबद्धतालाई नीतिगत रूपमा रूपान्तरण गर्दै ठोस कार्ययोजना, स्रोत विनियोजन र नियमित मूल्यांकन प्रणाली लागू गर्नुपर्नेमा जोड दिएका छन्। अन्ततः दुई दशकको अनुभवले कानुन र घोषणाले मात्र होइन, प्रभावकारी कार्यान्वयन र सामाजिक परिवर्तन बिना छुवाछूत उन्मूलन सम्भव नहुने निष्कर्षलाई अझ बलियो बनाएको छ । गोप

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक-८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

मनकामना डेन्टल केयर
विशेष अफरका साथ

यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।
Dr. Nabin Kant Chaudhary
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०


आदिवासी जनजाति चलचित्र महोत्सव

# ११ विधाका उत्कृष्टलाई अवार्ड प्रदान



**दमक/** नेपाल आदिवासी जनजाति चलचित्र महासङ्घ सङ्घीय परिषद्ले कलाकार, निर्देशक तथा छायाँकारसहित आदिवासी जनजातिसँग सम्बन्धित कलाकारिताका क्षेत्रका विभिन्न ११ विद्यामा उत्कृष्टलाई अवार्ड वितरण गरेको छ ।

चलचित्र विकास बोर्ड तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानसँगको सहकार्यमा चलचित्र महासङ्घले आयोजना गरेको तीन दिने 'छैटौं नेपाल आदिवासी जनजाति चलचित्र महोत्सव-२०८३' समापन कार्यक्रममा विभिन्न विद्यामा उत्कृष्टलाई अवार्ड वितरण गरिएको हो ।

महोत्सवमा प्रदर्शन गरिएका चलचित्रमध्येबाट पब्लिक च्वाइस अवार्ड लिम्बू चलचित्र 'रीत', उत्कृष्ट चलचित्र अवार्ड गुरूङ चलचित्र 'ङोल्स्यो रामरानी', उत्कृष्ट स्क्रिप्ट लखन अवार्ड गुरूङ चलचित्र 'ङोल्स्यो रामरानी'का लेखक विवेक गुरूङ, उत्कृष्ट निर्देशक अवार्ड लिम्बू चलचित्र 'रीत'का निर्देशक दिनेश लिङ्देन, उत्कृष्ट अभिनेता अवार्ड मगर चलचित्र 'दिलसरा'का अभिनेता कल्याण रानामगर तथा उत्कृष्ट अभिनेत्री अवार्ड नेवारी चलचित्र 'स्वयनगु'की अभिनेतृ भिन्तुना श्रेष्ठले प्रदान गरियो ।

उत्कृष्ट छायांकन अवार्ड तामाङ चलचित्र 'ह्याङ तामाङ' छायाँकार सूर्य लामा, जुरी अवार्ड राजवंशी वृत्तचित्र 'विराटनगरके प्राचीन राजवंशी', इन्करेजमेन्ट अवार्ड तामाङ लघु चलचित्र 'दुखला ग्यम', उत्कृष्ट लघु चलचित्र मगर लघु चलचित्र 'लाहुरेनी' तथा उत्कृष्ट वृत्तचित्र अवार्ड २०८३ मगर वृत्तचित्र 'आग्रे'लाई प्रदान गरिएको चलचित्र महोत्सव आयोजक समितिका निर्देशक सागर केरूङले जानकारी दिए ।

उत्कृष्ट कलाकार तथा चलचित्रकर्मी, चलचित्र, लघुचलचित्र र वृत्तचित्रलाई कार्यक्रमका प्रमुख अतिथि आदिवासि जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका निमित्त प्रमुख राम मादेनले सम्मान प्रदान गरेका थिए ।

काठमाडौँको चाबहिलस्थित चलचित्र विकास बोर्डको सभाहलमा यही जेठ १७ गते सुरू भएको महोत्सव मङ्गलबार साँझ सम्पन्न भएको हो । महोत्सवमा चलचित्र प्रदर्शनसँगै अन्तरक्रिया, सांस्कृतिक झाँकी प्रदर्शन तथा विभिन्न जातजातिका खानाका स्टल राखिएका थिए ।

महोत्सवमा लिम्बू, नेवारी, गुरूङ, तामाङ, मगर, भुजेल, माझी तथा राजवंशी समुदायका कथानक चलचित्र, लघुचलचित्र, वृत्तचित्र र एआई जेनेरेड वृत्तचित्रहरु प्रदर्शन गरिएको थियो । महोत्सवले आदिवासी जनजाति चलचित्रकर्मी, अनुसन्धानकर्ता र सांस्कृतिक अभियान्ताबीच नयाँ संवाद, सहकार्य तथा वैकल्पिक सिनेम्याटिक विमर्शका लागि महत्त्वपूर्ण आधार तय गरेको आयोजकले जनाएको छ ।

महोत्सवमा आदिवासी जनजातिहरूको भाषा, इतिहास, भूमि, पूर्वजहरूको स्मृति र सिङ्गो आदिवासी जनजाति समुदायको जीवित आत्मा बोलेको निर्देशक केरूङले जानकारी दिए ।

नेपालमा आदिवासी जनजातिसँग सम्बन्धित करिब डेढ हजारभन्दा बढी चलचित्र, लघुचलचित्र तथा वृत्तचित्रहरु निर्माण गरेर प्रदर्शन भइसकेको जनाइएको छ । यहाँका आदिवासी जनजाति चलचित्रकर्मीहरूले मातृभाषा, भूमि सम्बन्ध, पूर्वजगत, लोक ज्ञान, सांस्कृतिक प्रासङ्गिकता, अनुष्ठानिक संरचना तथा सामुदायिक आवाजलाई केन्द्रमा राख्दै एक पृथक आदिवासी सिनेम्याटिक सौन्दर्य दर्शनको विकास गरेको आयोजक नेपाल आदिवासी जनजाति चलचित्र महासङ्घको दाबी छ ।

## जानकारी

# ७ करोड वर्ष पुरानो अण्डा

अर्जेन्टिनाको राष्ट्रिय वैज्ञानिक तथा प्राविधिक अनुसन्धान परिषद्का प्यालेन्टोलोजिस्टले पाटागोनिया क्षेत्रमा डाइनोसरको एउटा सुरक्षित अन्डा फेला पारेका छन् । करिब सात करोड वर्ष पुरानो मानिएको यो अन्डा बोनापार्टेनिकस नामक सानो मांसाहारी डाइनोसरको हो । यो खोजलाई वैज्ञानिक जगत्मा एउटा चमत्कार मानिएको छ किनभने मांसाहारी डाइनोसरको अन्डाका बोक्रा शाकाहारीको तुलनामा निकै पातला र कमजोर हुन्छन् ।

मुख्य अनुसन्धानकर्ता डा. फेडरिको एगोलिनका अनुसार बालुवाको विशेष अवस्थाले गर्दा यो अन्डा नफुटिकन जोगिएको हो । रियो नेग्रो प्रान्त, जसलाई वैज्ञानिकहरूले 'प्रागैतिहासिक नर्सरी' को संज्ञा दिएका छन्, त्यहाँ अन्य घस्रने जन्तु र स्तनधारी प्राणीका अवशेष पनि भेटिए । यस क्षेत्रमा भेटिने अन्य अवशेष टुक्रिएका भए पनि यो अन्डा पूर्ण अवस्थामा छ ।

वैज्ञानिकहरूले यसभित्र डाइनोसरको भ्रूण (बच्चा) हुन सक्ने बलियो सम्भावना व्यक्त गरेका छन् । यस अन्डाको बनोटले मांसाहारी डाइनोसरको विकास र आधुनिक चरासँग उनीहरूको सम्बन्धबारे महत्वपूर्ण जानकारी दिने छ । वैज्ञानिक टोलीले अब यस अन्डाको 'स्क्यान' गरेर भित्र रहेको वस्तुको अध्ययन गर्ने छन् । त्यसपछि यसलाई पाटागोनियाकै एक सङ्ग्रहालयमा सर्वसाधारणको अवलोकनका लागि राखिने छ ।

## स्वास्थ्य

# औषधी व्यवस्थापनमा सहजताका सरकारी निर्णय

**काठमाडौं/** औषधी आपूर्ति र व्यवस्थापनमा देखिएका असहजता अन्त्यका लागि सरकारले चार निर्णय गरेको छ।

औषधी व्यवस्था विभाग र स्वास्थ्य मन्त्रालयका प्रतिनिधिबिच बुधबार भएको छलफलबाट औषधी आपूर्ति सहज बनाउन चार निर्णय गरेको हो।

- आपूर्ति तथा व्यवस्थापन (क्यान्सर विरुद्धको औषधीलगायत) इम्युनोसप्रेसेन्टका विषयमा विभिन्रुन माध्यमबाट प्राप्त गुनासा र सोको वास्तविक अवस्था, सोको समाधानका उपायलागयतका विषयमा छलफल गरिएको हो ।
- औषधी आपूर्तिको अनुमति प्राप्त गरेकाहरूले आपूर्ति नगरेमा कसरी अगाडि बढ्ने भन्रुने सम्बन्धमा सबै प्रकारका विकल्पमाथि छलफल गरिएको छ ।
- लाइभ सेभिङ ड्रग्स आयात गर्न अनुमति प्राप्त आयातकर्ताहरूको सूची, लाइभ सेभिङ ड्रग्सको गत ३ वर्षको आयातको मात्रा, ती औषधीको हरेक वर्षमा खपत हुने मात्राको विवरण र यस्तो औषधी आपूर्तिका लागि अनुमति माग गरी पेस हुन आएका आपूर्तिकर्ताहरूको निवेदनको विवरण उपलब्ध गराउन औषधी व्यवस्था विभागलाई निर्देशन दिइएको छ ।
- औषधी व्यवस्था विभागसँग सम्बन्धित सफ्टवेयरको सुधार तथा क्षमता विस्तार, वेबसाइटको विवरण नियमित अद्यावधिक गर्नेलगायत विषयमा छलफल केन्द्रित भएको छ ।

## पुस्तक साभार

# नेपालको इतिहास र समाज अध्ययन



✍ डा. सूर्यमनि अधिकारी

## एकीकरण पहिले नेपालको राजनीतिक अवस्था

**क्रमागत....**

(४) बार्थिक समस्याको समाधान त्यस बखत गोर्खा राज्यमा जम्मा १२,००० घरधुरी थिए । यो एउटा सानो पहाडी राज्य थियो। उर्वर जमिनको अभाव थियो । भोट र भारतसँग व्यापारिक सम्बन्ध कायम गरी लाभ उठाउन सक्ने भौगोलिक अवस्थितिमा पनि यो राज्य थिएन । छिमेकी राज्यहरूमा तुलनामा गोर्खा गरीब थियो । युद्धलाई आवश्यक पर्ने धनदौलत गोर्खासंग थिएन । तथापि पृथ्वीनारायण शाह हतोत्साहित भएनन् । उनले आफ्ना गोर्खाली प्रजाहरूलाई युद्धकोषमा गच्छेअनुसार नगद वा जिन्सी चन्दा दिन आह्वान गरे । हुनेले नगद, सुन, चांदी, रत्न आदि दिए । नहुनेले श्रमदान गरेर भने पनि सेवा पुऱ्याए । धनी व्यक्तिहरूले ऋणसमेत दिए। सैनिकहरूलाई जागिरको रूपमा जमिन दिने व्यवचा गरी आर्थिक बोझलाई हल्का बनाउने उपाय अपनाइयो । नयाँ क्षेत्र विजय भएपछि जमिन दिने कबुल गरेर पनि काममा लगाइयो ।

(५) कूटनीतिक प्रयास- विजय अभियान प्रारम्भ गर्नुभन्दा पहिले केही कूटनीतिक अभ्यास गर्नुपर्ने आवश्यकता देखियो। एकातिर उपत्यकाका राजाहरूलाई आपसमा मिल्न नदिने र अर्कोतिर लमजुङलगायतका चौबीसे राज्यहरूलाई गोखांको विरोधमा नउठ्ने परिस्थिति निर्माण गर्न आवश्यक थियो । उपत्यकाका राजाहरु एक भएमा नुवाकोट कहिल्यै गोर्खाको अधीनमा आउने थिएन। गोर्खा पूर्व बा पश्चिमबाट चौबीसे आक्रमण भएमा पनि असफलता निश्चित थियो।शानीमा उल्लेख भएअनुसार पृथ्वीनारायण शाहले आफ्ना दूत बनाई रणरूद्र शाह, गुणनिधि पन्त र लक्ष्मीनारायण पाण्डेलाई लमजुङ पठाए । कास्कीमा गंगाधर पन्त र पाल्यामा मणिकण्ठ राना खटिए । कान्तिपुरमा हरिहर पन्त र भक्तपुरमा भानु जैसी गए। चेपे र मर्स्याङदीको नदीको दोभानमा पृथ्वीनारायण शाहले लमजुङका राजा रिपुमदंर शाहसँग भेट गरे । यस भेटमा पृथ्वीनारायण शाहले लमजुङ र कास्कीको झखा भएमा लमजुङलाई सहयोग गर्ने र रिपुमर्दन शाहले गोर्खालाई पूर्वतर्फ बढ्न सहयोग गर्ने सहमति भयो ।

वि.सं. १८०१ को प्रारम्भतिर कान्तिपुर र ललितपुर राज्यको सम्बन्ध विग्रिएको थियो । यसर्थ ललितपुरले कान्तिपुरलाई सहयोग नगर्ने निश्चित थियो । उता बा ना मीतबा तथा भक्तपुरका राजा रणजित मल्ललाई पृथ्वीनारायण शाहले साँखु, चांगु आदि स्थानहरु कान्तिपुरबाट जितेर दिलाइदिने प्रलोभन दिएर आ नो पक्षमा मिलाए। उनले नुवाकोटका रक्षक जयन्त रानालाई 'तिमी हाम्रा पुराना सेवक हौं, हामीसँग मिल्न आऊ, ठूलो इनाम पाउला' भनी पत्र लेखे। जयन्त राना पहिले गोखोली सेनापति थिए । नरभूपाल शाहको समयमा गोखलि नुवाकोटमाथि आक्रमण गर्दा हार भएपछि त्यसको दोष उनीमाथि थोपरियो। उनी पदच्युत गरिए। उनलाई जयप्रकाश मल्लले बोलाई नुवाकोटकै हाकिम बनाएर पठाएका थिए। त्यसो हुँदा पृथ्वीनारायण शाहको उक्त पत्रको प्रत्युत्तरमा जयन्त रानाले हुन त म हजुरको पुरानो सेवक हूँ तर अहिले जयप्रकाश मल्लको नून खाएकाले हजुरसंग आउन सक्तिनँ' भन्ने जवाफ पठाए । जयन्त रानाले गोर्खालाई साथ दिन इन्कार गरे तापनि पृथ्वीनारायण शाहले उपर्युक्त बमोजिम अनेक कूटनीतिक अभ्यास गरी छरछिमेकको तत्कालीन राजनीतिक परिस्थितिलाई आफ्नो अनुकूल बनाए । क्रमशः .....

# बालबालिका सुरक्षित राख्न राष्ट्रसङ्घको आग्रह

युद्ध, सशस्त्र द्वन्द्व र हिंसाका कारण विश्वभरका लाखौं बालबालिका प्रभावित भइरहेका बेला संयुक्त राष्ट्रसङ्घले बालबालिकाको सुरक्षा सुनिश्चित गर्न विश्व समुदायलाई थप जिम्मेवार बन्न आग्रह गरेको छ। निर्दोष बालबालिकामाथि हुने आक्रमणका पीडितको अन्तर्राष्ट्रिय दिवसका अवसरमा सार्वजनिक प्रतिवेदनले बालबालिकाविरूद्धका गम्भीर उल्लङ्घनका घटना बढ्दै गएको देखाएको हो ।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसद्वारा सार्वजनिक 'बालबालिका र सशस्त्र द्वन्द्व' सम्बन्धी वार्षिक प्रतिवेदनअनुसार सन् २०२४ मा बालबालिकाविरूद्ध भएका गम्भीर उल्लङ्घनका घटना अघिल्लो वर्षको तुलनामा २५ प्रतिशतले वृद्धि भएका छन्। प्रतिवेदनमा विश्वभर २२ हजार ४९५ बालबालिकालाई प्रभावित पार्ने ४१ हजार ३७० घटना प्रमाणित गरिएको उल्लेख छ ।

सबैभन्दा बढी उल्लङ्घनका घटना इजरायल तथा अधीनस्थ प्यालेस्टिनी क्षेत्रमा आठ हजार ५५४ वटा अभिलेख भएका छन्। त्यसपछि कङ्गो लोकतान्त्रिक गणतन्त्र, सोमालिया, नाइजेरिया र हैटीमा यस्ता घटना उल्लेख्य रूपमा देखिएका छन् ।

प्रतिवेदनअनुसार हत्या र शारीरिक क्षति बालबालिकाविरूद्ध हुने सबैभन्दा गम्भीर उल्लङ्घनका रूपमा रहेका छन्। सन् २०२४ मा मात्र ११ हजार ९६७ बालबालिका हत्या वा शारीरिक क्षतिको सिकार भएका छन् । विस्फोटक पदार्थ, बारूदी सुरूङ, युद्धका अवशेष तथा घना बस्तीमा भएका आक्रमणका कारण धेरै बालबालिका प्रभावित भएका छन् ।

सशस्त्र समूह र सैन्य बलद्वारा बालबालिकालाई भर्ती गरी युद्ध तथा सहयोगी भूमिकामा प्रयोग गर्ने, अपहरण गर्ने र यौन हिंसामा संलग्न गराउने घटना पनि बढ्दो क्रममा रहेको प्रतिवेदनमा उल्लेख छ । गत वर्ष विद्यालय र अस्पतालमाथि करिब दुई हजार आक्रमण भएको पुष्टि गर्दै राष्ट्रसङ्घले यसले बालबालिकाको शिक्षा र स्वास्थ्य सेवामा गम्भीर असर पारेको जनाएको छ ।

राष्ट्रसङ्घले बालबालिकामाथि हुने हिंसा र अधिकार उल्लङ्घन अन्त्य गर्न द्वन्द्वका मूल कारण समाधान, दोषीलाई जवाफदेही बनाउने तथा बाल संरक्षण र पुन:स्थापनाका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएको छ । बालअधिकार अभियन्ता ग्रासा माशेलले बालबालिकाको सुरक्षा सुनिश्चित गर्नु सम्पूर्ण मानव समुदायको साझा दायित्व भएको बताउँदै प्रत्येक बालबालिकाले सुरक्षित र शान्तिपूर्ण वातावरणमा बाँच्न पाउनुपर्ने बताएकी छन् ।

# काभ्रेमा सशस्त्र प्रहरी सहायक निरीक्षक र युवती मृत फेला

**दमक/** सशस्त्र प्रहरी बलका सहायक निरीक्षक शक्ति राम र उनकी साथी शर्मिला चौधरी काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-३ स्थित ठुली सामुदायिक वनमा मृत अवस्थामा फेला परेका छन् । वैशाख १९ गते दुई दिनको बिदा लिएर गणबाट निस्किएका शक्ति राम त्यसयता सम्पर्कविहीन भएका थिए। पर्साको बहुदरमाई नगरपालिका-८ रामनगरी घर भएका उनका परिवारले खोजतलासका लागि निवेदन दिएपछि सशस्त्र प्रहरीले वैशाख २१ गते नै जिल्ला प्रहरी कार्यालय काभ्रेलाई जानकारी गराएको थियो ।

त्यसैगरी कैलालीको घोडाघोडी नगरपालिका-१ निवासी २६ वर्षीया शर्मिला चौधरी पनि वैशाख १८ गते शक्ति रामलाई भेट्न काभ्रे आएकी थिइन्। उनी सम्पर्कविहीन भएपछि उनका भाइ रन्जित चौधरीले वैशाख २५ गते प्रहरी वृत्त बालाजुमा खोजतलासका लागि निवेदन दिएका थिए। बुधबार स्थानीयले वन क्षेत्रमा दुई फरक रुखमा सडेगलेको अवस्थामा मानव कंकाल झुण्डिएको देखेपछि प्रहरीलाई खबर गरेका थिए।

त्यसपछि प्रहरी चौकी पाँचखालबाट खटिएको टोलीले घटनास्थल पुगेर मृतकहरूको पहिचान शक्ति राम र शर्मिला चौधरीका रूपमा गरेको हो। शर्मिलाको मोबाइलको अन्तिम लोकेसन पनि काभ्रेपलाञ्चोकमै देखिएको थियो। दुवै जनाको शव पोस्टमार्टमका लागि धुलिखेल अस्पतालमा राखिएको छ।

# विश्वकपले बदलेका फुटबल खेलाडीका जीवन



**काठमाडौं/** फुटबल केवल खेल मात्र होइन, लाखौं युवाको सपना र भविष्य बदल्ने माध्यम पनि हो। विशेषगरी गरिब र विपन्न परिवारमा हुर्किएका खेलाडीहरूका लागि विश्वकप जीवन परिवर्तन गर्ने सबैभन्दा ठूलो अवसर बनेको छ। अभाव, भोक र संघर्षबीच हुर्किएका धेरै खेलाडी यही प्रतियोगिताबाट विश्वप्रसिद्ध बनेका छन्।

ब्राजिलका महान खेलाडी पेलेको बाल्यकाल चरम गरिबीमा बितेको थियो। परिवारसँग फुटबल किन्ने पैसा नभएकाले उनले पुराना मोजाभित्र कागज र कपडा कोचेर बल बनाउँदै खेल्ने गर्थे। सन् १९५८ को विश्वकपमा उत्कृष्ट प्रदर्शन गरेपछि उनी विश्व फुटबलका चम्किला तारा बने र परिवारको गरिबी अन्त्य गर्न सफल भए।

ब्राजिलकै अर्का चर्चित खेलाडी रिभाल्डोले पनि कठिन बाल्यकाल बिताएका थिए। खानाको अभावका कारण उनी कुपोषणको सिकार बने। परिवारमा आर्थिक संकट थपिँदै गए पनि उनले फुटबलप्रतिको लगाव छाडेनन्। पछि विश्वकपमा देखाएको उत्कृष्ट खेलका कारण उनी विश्वभर चिनिए । अर्जेन्टिनाका एन्जेल डि मारियाको कथा पनि प्रेरणादायी छ। उनका बुबा कोइला डिपोमा काम गर्थे र डि मारियाले सानैदेखि परिवारलाई सघाउन श्रम गर्नुपर्थ्यो। पर्याप्त सुविधा नपाए पनि उनले निरन्तर मेहनत गरे। अन्ततः विश्वकपमा देशका लागि निर्णायक भूमिका खेल्दै उनी सफलताको शिखरमा पुगे।

सेनेगलका साडियो माने विकट गाउँमा हुर्किएका खेलाडी हुन्। ट्रायल दिन जाँदा उनीसँग च्यातिएको जुत्ता मात्र थियो। धेरैले उनलाई उपहास गरे पनि उनले आ नो सपना त्यागेनन्। आज उनी विश्वका सफल खेलाडीमध्ये एक मानिन्छन् र आ नै गाउँमा विद्यालय तथा अस्पताल निर्माणमा सहयोग गरिरहेका छन्।

क्यामरूनका सामुएल एटो र फ्रान्सका किलियन एम्बाप्पेले पनि कठिन परिस्थितिलाई जित्दै विश्व फुटबलमा विशेष पहिचान बनाएका छन्। यी कथाहरूले विश्वकप प्रतिभा, मेहनत र दृढ संकल्पको उत्सव भएको प्रमाणित गर्छन्। फुटबलले गरिबी र अभावलाई पराजित गर्दै सामान्य परिवारका युवालाई विश्वमञ्चको नायक बनाउने शक्ति राख्छ।

## दैनिक राशिफल

आज मिति २०८३ साल जेठ २२ गते शुक्रबार 5 June, 2026 तिथि: पञ्चमी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि: ९८६७३१०८८२/९८१७००५१६५

- **मेष** (चु चे लो ला लि लँ ले लो अ): परिवारमा मेलमिलाप । अध्ययन क्षेत्रमा सुधार ।
- **वृष** (इ उ ए ओ वा वि वु वे वो): वैदेशिक रोजगारको अवसर । मित्रहरु दाहिना होलान् ।
- **मिथुन** (का कि कु घ ङ छ के को हा): नयाँ बस्त्र धारणको योग । मनमा उत्साह छाउने ।
- **कर्कट** (चु चे लो ला लि लँ ले लो अ): भाग्योदयको दिन देखिन्छ । आर्थिक पक्षमा प्रगति ।
- **सिंह** (मा मि मु मे मो टा टि टु टे): पठन पाठनमा माध्यम । मन चञ्चलन ।
- **कन्या** (टो प पी पँ ष ण ठ पे पो): परिश्रम अनुसार प्रगति कम । मन खिन्न रहला ।
- **तुला** (हि हु हे हो डा डि डु डे डो): धर्मकर्ममा मन जाने । सामाजिक काममा सकृय ।
- **वृश्चिक** (तो ना नि नँ ने नो या यि यु): खानपिनमा ध्यान दिनुहोला । सवास्थ्यमा समस्या ।
- **धनु** (य यो भा भी भ धा फा ढ भे): कुरा काट्ने बढेर जाला । हिम्मत लिएर काम गर्नुहोला ।
- **मकर** (भो जा जी खि खू खे खो गा गी): आर्थिक भार बढेर जाने । आयका स्रोतहरु कम ।
- **कुम्भ** (गँ गे गो सा सी सँ से सो द): मनमा धेरै कुरा खेल्ने । परिश्रम बढी नै गर्नुपर्ला ।
- **मीन** (दि दु थ झ ञ दे दो चा ची): विश्वासघातको समय देखिन्छ । सहज र सर्तकता रहनु उत्तम ।

# भारतको कुखुरा फर्ममा १६ नेपाली कामदार बन्धक

**काठमाडौं/** महोत्तरीको बर्दिवास नगरपालिका–१४ स्थित मुसहर बस्तीका १६ जना कामदार भारतको हरियाणा राज्यस्थित एक कुखुरा फर्ममा बन्धक बनाइएका छन्। बन्धकमा परेकामा १० पुरूष र ६ महिला रहेका छन् ।

बन्धक बनाइएकामा १७ वर्षीय मुकेश, १६ वर्षीय किसन, १३ वर्षीय आशिक, २१ वर्षीय अमृत र उनकी पत्नी २० वर्षीया किरणसहित अन्य परिवारका सदस्यहरु रहेको प्रहरीले जनाएको छ। त्यस्तै झरी सदा, उनकी पत्नी लालमुनी, छोरी काजल र साजन, साथै बालक शंकरसमेत बन्धकमा परेका छन् ।

यस्तै विसुनदेव सदा, उनकी पत्नी महावती, छोरा अमृत, मोहन सदा, उनकी पत्नी बेचो सदा पनि बन्धकमा रहेको इलाका प्रहरी कार्यालय बर्दिवासका प्रहरी नायब उपरीक्षक गुरुप्रसाद तिमिल्सिनाले बताए ।

उनीहरूलाई बर्दिवास–३ गौरीडाँडाका दिलीप परियारले गत चैत १३ गते आकर्षक तलब र सजिलो कामको प्रलोभन देखाएर भारतको जिन जिल्लाको झाझर थानाअन्तर्गत हेलन गाउँस्थित कुखुरा फार्ममा पुऱ्याएको बताइएको छ ।

परिवारका सदस्यहरूले उनीहरूलाई डरधाक र यातना दिइएको तथा ज्याला नदिई बन्धक बनाइएको आरोप लगाउँदै उद्धारका लागि भारतस्थित नेपाली दूतावासमा पहल गर्न आग्रह गरेका छन् ।

प्रहरीका अनुसार बन्धकमध्येकी किरण सदाले लुकीछिपी फोनमार्फत आफूहरूलाई कुटपिट र मानसिक यातना दिइएको तथा मुक्त हुन नसकेको जानकारी दिएकी छन् । प्रहरी र सरोकारवाला निकायले उनीहरूको उद्धारका लागि कूटनीतिक पहल भइरहेको जनाएको छ ।

***काँग्रेसमा......***
कार्यक्रमबारे कार्यकर्तालाई जानकारी गराउन, सुझाव संकलन गर्न तथा सदस्यताको अभिलेख व्यवस्थित गर्न डिजिटल प्रविधि अपनाइएको जानकारी दिइन्। युवा पुस्तालाई पार्टीप्रति आकर्षित गर्न अनलाइन सदस्यता खुला गरिएको बताउँदै उनले प्राप्त आवेदनबारे निर्णय गर्ने अधिकार वडा र क्षेत्रीय तहलाई दिइएको तथा विवाद आएमा मात्र केन्द्रले छानबिन गर्ने व्यवस्था रहेको स्पष्ट पारिन्। उनले १८ देखि ३३ वर्ष उमेर समूहका युवालाई पार्टी सदस्यता वितरणमा विशेष जोड दिन आग्रह गरिन् ।

**कांग्रेस क्रियाशील सदस्य अद्यावधिकमा उल्लेख्य कमी**

नेपाली कांग्रेसमा हालसम्म ३ लाख ७५ हजार क्रियाशील सदस्यले आˆ नो सदस्यता डिजिटल रुपमा अद्यावधिक गरेका छन्। क्रियाशील सदस्यता व्यवस्थापन समितिका अनुसार यो संख्या साँझसम्म करिब ४ लाख पुग्ने अनुमान छ ।

महामन्त्री प्रदीप पौडेल नेतृत्वको समितिले नवीकरण गरेका सदस्यलाई डिजिटल अद्यावधिक गर्न समय दिएको थियो। समितिका सदस्य एवं सहमहामन्त्री प्रकाश स्नेही रसाइलीका अनुसार अघिल्लो महाधिवेशनका ८ लाख ७० हजारभन्दा बढी सदस्यमध्ये अहिले उल्लेख्य कमी देखिएको छ ।

सरकारी कर्मचारी र शिक्षकले दलको सदस्यता लिन नपाउने व्यवस्थाका कारण पनि संख्या घटेको बताइएको छ । साथै, धेरै सदस्यले अद्यावधिक नगरेका कारण कुल संख्या झरेको हो । गत विशेष महाधिवेशनअघि करिब ४ लाख ५० हजार सदस्य नवीकरण भएकोमा अहिले त्यो संख्या घटेर ३ लाख ७५ हजारमा सीमित भएको समितिले जनाएको छ। १५औं महाधिवेशनका लागि डिजिटल अद्यावधिक अनिवार्य गरिएको भए पनि निवर्तमान सभापति शेरबहादुर देउवा समूहले यस प्रक्रियामा असहमति जनाइरहेको छ ।

***खोलियो....***भ्रमणका क्रममा लामिछानेले अघि सारेका आठ प्रस्तावले पनि यो भ्रमणलाई केवल राजनीतिक भेटघाटमा सीमित राखेको छैन । सीमा विवाद समाधानदेखि रक्सौल–काठमाडौं रेलमार्ग, पोखरा र लुम्बिनीबाट भारतमा सिधा हवाई उडान, 'काठमाडौं–बेङ्गलुरू डिजिटल करिडोर', शिक्षा र स्वास्थ्य क्षेत्रमा सहकार्य, सीमा क्षेत्रमा मल उद्योग स्थापना, ऊर्जा बजार एकीकरण तथा खेलकुद कूटनीतिसम्मका प्रस्तावहरूले विकास र आर्थिक सहकार्यलाई केन□मा राखेको देखिन्छ ।

विशेष गरी रक्सौल–काठमाडौं रेलमार्ग र डिजिटल करिडोरको अवधारणाले नेपालको आर्थिक रुपान्तरणसँग प्रत्यक्ष सम्बन्ध राख्छ । नेपालले लामो समयदेखि भोग्दै आएको पूर्वाधार अभाव, सीमापार व्यापारको जटिलता तथा लगानी आकर्षणका चुनौतीलाई सम्बोधन गर्न यस्ता परियोजनाले महत्वपूर्ण भूमिका खेल्न सक्छन् । त्यस्तै ऊर्जा बजारको एकीकरणले नेपालको जलविद्युत् सम्भावनालाई विशाल भारतीय बजारसँग जोड्ने अवसर सिर्जना गर्न सक्छ ।

यद्यपि भ्रमणको अर्को राजनीतिक आयाम पनि उत्तिकै महत्वपूर्ण छ । आम निर्वाचनपछि रास्वपा देशको प्रमुख राजनीतिक शक्तिका रुपमा उदाएको छ । परम्परागत दलहरुप्रति बढ्दो जनअसन्तुष्टि र नयाँ पुस्ताको राजनीतिक आकांक्षाले रास्वपालाई वैकल्पिक शक्तिका रुपमा स्थापित गरेको छ । भारतले पनि यही यथार्थलाई स्वीकार गर्दै नयाँ नेतृत्वसँग सम्बन्ध विस्तार गर्न खोजेको देखिन्छ । कूटनीतिमा स्थायी मित्र वा शत्रु हुँदैनन्, स्थायी हुन्छन् त केवल राष्ट्रिय हित । त्यसैले भारतले नेपालको वर्तमान शक्ति सन्तुलनलाई ध्यानमा राख्दै आˆ नो सम्बन्धको दायरा विस्तार गर्न खोज्नु अस्वाभाविक होइन ।

तर यस्ता भ्रमणहरुमा अवसर मात्र हुँदैनन, चुनौति पनि उत्तिकै हुन्छन् । नेपालले आˆ नो स्वतन्त्र परराष्ट्र नीति, राष्ट्रिय स्वाभिमान र सन्तुलित कूटनीतिक सम्बन्धलाई कायम राख्नुपर्ने दायित्व सधैं रहन्छ । भारतसँगको निकटता आवश्यक भएपनि त्यसले नेपालको सार्वभौमिकता वा निर्णय स्वतन्त्रतामाथि कुनै प्रश्न उठ्नु हुँदैन । त्यसैले भ्रमणबाट प्राप्त हुने सम्भावित उपलब्धिहरूलाई व्यवहारमा रुपान्तरण गर्दा राष्ट्रिय सहमति, पारदर्शिता र दीर्घकालीन दृष्टिकोण अनिवार्य हुनेछ ।

अन्ततः रवि लामिछानेको भारत भ्रमण केवल एक राजनीतिक दलका नेताको विदेश यात्रा मात्र रहेन । यसले नेपाल–भारत सम्बन्धको नयाँ सम्भावना, नेपालको बदलिँदो राजनीतिक संरचना र क्षेत्रीय कूटनीतिक समीकरणबारे महत्वपूर्ण संकेत दिएको छ । अब वास्तविक परीक्षा भनेका भेटवार्ताका तस्बिर वा सम्मान होइनन्, प्रस्तावित एजेन्डाहरु कार्यान्वयनमा कति अगाडि बढ्छन्, सीमा विवाद समाधानतर्फ कति प्रगति हुन्छ, र दुई देशबीचको सम्बन्धलाई जनहित र साझा समृद्धिको आधारमा कति नयाँ उचाइमा पुऱ्याउन सकिन्छ भन्ने हो । यही प्रश्नको उत्तरले यो भ्रमणलाई इतिहासमा केवल समाचार बनाउने कि एउटा नयाँ अध्यायको सुरुआतका रुपमा स्थापित गर्ने भन्ने निर्धारण गर्नेछ ।

## जोत्ने गोरुमाथि निर्दयी व्यवहार गर्ने पक्राउ

**दमक/** जोत्ने क्रममा गोरु बसेपछि मुख जमिनमा गाडेर निर्दयी व्यवहार गर्ने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

प्युठानको गौमुखी गाउँपालिका १ बस्ने वर्ष अन्दाजी ३६ को जालिराम थापा मगरले आफ्नै खेतबारीमा गोरू लिई जोतिरहेको अवस्थामा गोरू हिड्न नसकी खेतमा बसेपछि गोरुको नाक, मुख माटोमा गडेर निर्दयी व्यवहार गरेको भिडिओ बाहिरिएको थियो। भिडियो बनाइ सामाजिक सञ्जालमा पोष्ट गरेपछि उनलाई नियन्त्रणमा लिई मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २७ को पशुपन्छीप्रति निर्दयी व्यवहार गर्न नहुने कुसरमा मुद्दा दर्ता गरिएको प्रहरीले जनाएको छ। जिल्ला प्रशासन कार्यालय प्युठानबाट पाँच दिनको म्याद थप भई आवश्यक अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## निजीलाई आकस्मिक सेवामा बिमा सुविधा

**दमक/** स्वास्थ्य बिमा बोर्डले निजी स्वास्थ्य संस्था (अस्पताल)लाई आकस्मिक सेवा आवश्यक पर्ने बिरामीको बिमा सुविधाअन्तर्गत उपचारको प्रबन्ध मिलाउन निर्देशन दिएको छ ।

बोर्डका वरिष्ठ मेडिकल सुपरिन्टेन्डेन्ट डा पवनकुमार साहले कुनै पनि बिरामीलाई आकस्मिक उपचार गर्नुपर्ने देखिएमा मात्र बिमाअन्तर्गतका स्वास्थ्य सेवा प्रदान गर्न निर्देशन दिइएको बताएका हुन् ।

बोर्डले यही जेठ १६ गतेबाट वित्तीय स्रोतको अभावलाई मध्यनजर गर्दै अर्को निर्णय नभएसम्मका लागि बिमा कार्यक्रममा आबद्ध निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिकबाहेक सबै स्वास्थ्य सेवा स्थगित गरेको थियो । बोर्डले बिमामा भार पर्नेगरी सामान्य प्रकृतिका बिरामीलाई आकस्मिक उपचार सेवा प्रदान नगर्न आग्रहसमेत गरेको थियो ।

## ट्रम्पको इरान नीति अमेरिकी प्रतिनिधिसभामा पारित

**एजेन्सी/** अमेरिकी प्रतिनिधिसभाले राष्ट्रपति डोनाल्ड ट्रम्पको इरानसम्बन्धी युद्ध अधिकार सीमित गर्ने प्रस्ताव पारित गरेको छ। बुधबार भएको मतदानमा प्रस्ताव २१५ विरुद्ध २०८ मतले पारित भएको हो। यो निर्णय ट्रम्प प्रशासनको इरान नीति र सैन्य कारबाहीप्रति संसदको गम्भीर असहमतिको संकेतका रूपमा हेरिएको छ।

मतदानमा केही रिपब्लिकन सांसदहरूले आफ्नै पार्टीको आधिकारिक लाइनविपरीत प्रस्तावको समर्थन गरेका छन्। केन्टकीका सांसद थोमस म्यासी, पेन्सिलभेनियाका ब्रायन फिट्जप्याट्रिक, टम ब्यारेट र वारेन डेभिडसनले पक्षमा मतदान गरेका हुन्।

## कोशीमा ३८ बालविवाह सम्बन्धी सूचना दर्ता

**दमक/** कोशी प्रदेशमा चालु आर्थिक वर्षको १० महिनामा बालहेल्पलाइन सेवामा ३८, बालविवाहसम्बन्धी सूचना दर्ता भएका छन् । हराएका बालबालिका खोजतलास समन्वय केन्द्रको कोशी टोल फ्री हेल्पलाइन १०९८ मा आर्थिक वर्ष २०८२/८३ को साउनदेखि वैशाख मसान्तसम्म सो सङ्ख्यामा सूचना दर्ता भएका हुन् । बालअधिकार तथा संरक्षणकर्मी सुमन अधिकारीका अनुसार प्रदेशका १४ जिल्लामध्ये चार वटा जिल्लाबाट मात्रै ती सूचना दर्ता भएको जानकारी दिए ।

## उर्लाबारीमा आइतबार पनि विद्यालय खुल्ने

उर्लावारी । मोरङको उर्लाबारी नगरपालिकाले विद्यार्थीको सर्वाङ्गीण विकासलाई प्राथमिकता दिँदै नगर क्षेत्रभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालय आइतबार पनि सञ्चालन गर्ने निर्णय गरेको छ । नगर कार्यपालिकाको जेठ १९ गते बसेको बैठकले असार १ गतेदेखि लागू हुने गरी आइतबार विद्यालय सञ्चालन गर्ने निर्णय गरेको हो। नगरपालिकाका अनुसार आइतबारका दिन खेलकुद, सिर्जनात्मक गतिविधि, सांस्कृतिक कार्यक्रम, अतिरिक्त कक्षा तथा अन्य सह–शैक्षिक क्रियाकलाप सञ्चालन गरिने शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख शालिग्राम काˆ लेले बताए ।

उनका अनुसार हप्तामा दुई दिन सार्वजनिक बिदा भएपछि विद्यार्थीहरूको शैक्षिक गतिविधि र अतिरिक्त क्रियाकलाप प्रभावित भएको भन्दै अभिभावक तथा सरोकारवालाबाट लिखित तथा मौखिक गुनासा प्राप्त भएका थिए। लामो बिदाका कारण बालबालिकामा मोबाइल, टेलिभिजन तथा अन्य डिजिटल सामग्रीको प्रयोग बढ्दै गएको र त्यसले मानसिक तथा व्यवहारिक पक्षमा नकारात्मक असर पार्न थालेको गुनासो आएपछि यस्तो निर्णय गरेको नगरपालिकाले जनाएकको छ । मन्त्रिपरिषद्ले २०८२ चैत २२ गते शैक्षिक सत्र २०८३ देखि विद्यालयमा शनिबार र आइतबार गरी हप्तामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको थियो।

## थुलुङ डेन्टलको नि:शुल्क दन्त शिविर

दमक । किरात राई समुदायको साकेला उभौली समापन कार्यक्रममा दमक थुलुङ डेन्टल क्लिनिकले मुख र दाँतसम्बन्धि स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।

किरात राई यायोक्खा झापाले जिल्लाको कमल ५ स्थित सितापुरीमा हालैं आयोजना गरेको साकेला उभौलीको समापन कार्यक्रममा क्लिनिकले निशुल्क मुख तथा दाँतसम्बन्धि शिविर सञ्चालन गरेको हो ।

शिविरमा दन्त रोग विशेषज्ञ डाक्टर सोफिया थुलुङसहितका स्वास्थ्यकर्मीहरूको टोलीले मुख तथा दन्त सम्बन्धी स्वास्थ्य परीक्षण गर्नुका साथैं परामर्शसमेत गरिएको थियो ।

उनका अनुसार शिविरमा जेष्ठ नागरिक, बालबालिका र युवा युवतीहरूसहित १ सय बढीको स्वास्थ्य परीक्षण गरिएको थियो । शिविरमा आएर स्वास्थ्य परिक्षण गने कपितयलाई डेन्टल कियर सम्बन्धिका सामाग्रीहरू समेत नि:शुल्क प्रदान गरिएको थियो ।

शिविरमा वरिष्ठ दन्त रोग विशेषज्ञ डा.थुलुङसहित डाक्टर हाङमा माखिम, करूणा कार्की, धनमाया घिमिरे र शरद राजवंशी लगायतको टोली सग्लंन रहेका थिए ।

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

**सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार**

- सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- सूचनाको हक सुनिश्चित गरौं,
- भ्रष्टाचार र अनियमितता पूर्ण रूपमा निषेध गरौं,
- गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- प्रविधिमैत्री सेवा विस्तार गरौं,
- जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**खेलकुद**

# एसियन गेम्स क्रिकेटमा नेपालको स्थान सुरक्षित




**दमक/** सिंगापुरमा आयोजना गरिएको एसियन गेम्स क्रिकेट क्वालिफायर अन्तर्गत नेपालले मलेसियामाथि शानदार जित निकालेर समूह विजेताका रूपमा एसियन गेम्समा स्थान सुरक्षित गरेको छ।

बिहीबार सम्पन्न खेलमा नेपालले मलेसियालाई १६७ रनको विशाल अन्तरले पराजित गर्दै समूह चरणमा आफ्नो दबदबा कायम राख्यो। यस जितसँगै नेपाल समूहको शीर्ष स्थानमा रहँदै आगामी एसियन गेम्सका लागि छनोट हुन सफल भएको हो।

नेपालले दिएको २७७ रनको लक्ष्य पछ्याएको मलेसियाले २० ओभरमा ९ विकेट गुमाएर १०८ रन बनायो। नेपाली टोलीको जितमा ओपनर कुशल भुर्तेल नायक बने। उनले केवल ५४ बलमा १२६ रनको विस्फोटक शतकीय पारी खेले। आफ्नो उत्कृष्ट इनिङ्समा उनले १४ चौका र ८ छक्का प्रहार गरे। टी–२० अन्तर्राष्ट्रिय क्रिकेटमा यो उनको तेस्रो शतक हो।

यस्तै, आसिफ शेखले २४ बलमा ६८ रनको आक्रामक योगदान दिए। उनले ५ चौका र ७ छक्का प्रहार गर्दै नेपालको स्कोर उकास्न महत्वपूर्ण भूमिका खेले।

मध्यक्रममा दीपेन्द्र सिंह ऐरीले ११ बलमा ३१ रन जोड्दै टोलीलाई बलियो स्थितिमा पुऱ्याए। उनले १ चौका र ४ छक्का प्रहार गरे।

बलिङतर्फ मलेसियाका विरनदीप सिंहले ३ विकेट लिए भने सैयद अजिज र विजय उन्नीले समान २–२ विकेट हात पारे। ब्याटिङमा उत्कृष्ट प्रदर्शन गरेको नेपालले बलिङमा पनि अनुशासित खेल प्रस्तुत गऱ्यो। नेपाली बलरहरूले सुरुदेखि नै मलेसियाली ब्याटरहरूलाई दबाबमा राख्दै लक्ष्य पछ्याउने क्रममा कुनै अवसर दिएनन्।

खेलभर नेपालले पूर्ण नियन्त्रण कायम राख्यो र मलेसियालाई कुनै पनि चरणमा पुनरागमन गर्ने मौका दिएन। फलस्वरूप मलेसियाली टोली ठूलो अन्तरको हार बेहोर्न बाध्य भयो।

***राप्रपा......***यसै बीच, महामन्त्री धवलशमशेर राणाले बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै नयाँ राजनीतिक दल गठन गर्ने औपचारिक घोषणा गरेका छन्। उनले राप्रपाभित्र आन्तरिक लोकतन्त्र कमजोर भएको र नेतृत्वले महाधिवेशन नगर्ने दिशामा पार्टीलाई लगेको आरोप लगाए।

राणाले नयाँ दलको आधार "राजासहितको प्रजातन्त्र" हुने बताएका छन्। उनले सुशासन, रोजगारी, युवा-महिला नेतृत्व र राष्ट्रवादी शक्तिहरूलाई समेट्ने एजेन्डासहित नयाँ राजनीतिक यात्रा सुरु गर्ने घोषणा गरे। उनका अनुसार दुर्गा प्रसाईं लगायत राजावादी, हिन्दूवादी तथा राष्ट्रवादी समूहहरूलाई एकीकृत गरेर "बलियो राष्ट्रवादी शक्ति" निर्माण गर्ने लक्ष्य रहेको छ।

***फाकफोकथुममा.....*** उत्पादन बढाउन किसानलाई प्रोत्साहनस्वरूप निश्चित परिमाण दूध बिक्री गर्ने किसानलाई दाना वितरण गर्ने व्यवस्था गरिएको छ । साथै सहुलियतपूर्ण ऋणमार्फत पशुपालन विस्तारमा सहयोग गरिएको छ ।

स्थानीय सरकार र प्रदेश सरकारको सहयोगमा पूर्वाधार विकास, तालिम र प्रविधि विस्तार भएपछि गाउँमै रोजगारी र आयआर्जन बढेको छ । गाउँपालिका अध्यक्षका अनुसार दैनिक ३१ हजार लिटर दूध उत्पादन हुने फाकफोकथुममा पशुपालन आर्थिक समृद्धिको मुख्य आधार बनेको छ ।

***समस्याका....*** त्यसै भ्रमणका क्रममा जारी संयुक्त विज्ञप्तिको ११ नम्बर बुँदामा सन् १९५० को शान्ति तथा मैत्री सन्धि पुनरावलोकन, परिमार्जन र अद्यावधिक गर्ने सहमति उल्लेख थियो। त्यसअनुसार विशिष्ट प्रस्तावमाथि छलफल गर्न दुवै देशका विदेश सचिवहरूलाई निर्देशन दिइएको थियो । तर परराष्ट्र मन्त्रालयका पूर्वसचिवका अनुसार सन्धि संशोधनको विषयमा पटक-पटक बैठक भए पनि ठोस प्रगति हुन सकेको छैन। आवश्यक कागजात तथा प्रमाणहरू सम्बन्धित मन्त्रालयबाट पर्याप्त रूपमा उपलब्ध नहुँदा प्रक्रिया अगाडि बढ्न नसकेको उनको भनाइ छ । नेपाल-भारत सम्बन्धका संवेदनशील र दीर्घकालीन विषयहरू अझै समाधान हुन नसकेको अवस्थामा पछिल्लो प्रस्तावले पुनः संवादलाई तीव्र बनाउने अपेक्षा गरिएको छ ।

**गोदाम भाडामा**

दमक–२ स्थित हिमावि. उत्तरमा रहेको निम्न अनुसारका गोदाम भाडामा लगाइदै छ । इच्छुकले सम्पर्क राख्नुहोला ।

**गोदामको विवरण**

| | | |
|---|---|---|
| १) लम्बाई : ४५.५ फिट | चोडाईः १५ फिट | उचाईः २५ फिट |
| २) लम्बाई : ४२.५ फिट | चौडाई : २६ फिट | उचाई २५ फिट |
| ३) लम्बाई : ६८ फिट | चौडाई : ५२ फिट | उचाई ४० फिट |

सम्पर्क नम्बर : ९८१४०७३८००



**ॐ शान्ति डेन्टल हस्पिटलका सेवाहरू**

१) दाँत तथा मुख सम्बन्धी सम्पूर्ण परिक्षण उपचार तथा परामर्श सेवा
२) दाँत निकाल्ने ३) दाँत भर्ने
४) दाँतको जरैदेखि उपचार गर्ने। ५) कृतिम दाँत राख्ने।
६) दाँतको खोल राख्ने।
७) दाँत नभएको ठाँउमा झिक्नु नपर्ने गरी दाँत राख्ने।
८) नमिलेको ठाउँमा टिङ्गा दाँतमा तार बान्ने।
९) अत्याधुनिक मेसिनले दाँत सफा गर्ने।
१०) गिजा सुनिन्ने, श्वास गन्हाउने, गिजाबाट रगत आउने तथा पाएरियाको उपचार गर्ने।
!! Oral-Ulcer तथा Oral-Cancer को परामर्श।
१२) मुखको साधारण सल्यक्रिया सेवा। Minor Sugery
१३) मुखको जटिल सलयक्रिया सेवा। Major Sugery
१४) दाँतको Implant गर्ने। १५ ) दाँतको OPD सेवा।

**आवद्ध डाक्टरहरू**

☞डा. हेम राज गैरे
☞डा. सि.पि. गैरे
☞डा. राहुल गुप्ता
☞डा. विवेक शिंह
☞डा. टंक न्यौपाने
☞डा. स्मारक दाहाल
☞डा. मोलिका श्रेष्ठ
☞डा. काश्मी श्रेष्ठ
☞डा. सायारा ढकाल
☞डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक–५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३–५७५९०६)

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोनः ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल